# विद्यार्थी सेट (क)

# निदानात्मक परीक्षा

**कक्षा : ५** **विषय : नेपाली**

विद्यार्थीको नाम : .....

विद्यालयको नाम : ..... जिल्ला : .....

तपाईं : छात्र ☐ छात्रा ☐ स्थानीय तह :.....

१. शिक्षकले उच्चारण गरेको वाक्य पहिचान गरी ठिक (✓) चिह्न लगाउनुहोस् : (४)

(क)

| | |
|---|---|
| परेवा आँगनमा सधैँ आउँछ । | |
| भाइले दिनदिनै परेवालाई मकै दिन्छ । | |
| परेवाले रमाइ रमाइ मकै खान्छ । | |
| परेवा मकै खाएर उड्छ | |

(ख)

| | |
|---|---|
| सन्तुले आँखा देख्न सक्दैनथ्यो । | |
| सन्तु लट्ठीको सहायताले हिँड्थ्यो । | |
| सन्तु अत्यन्तै मिलनसार थियो । | |
| सन्तु सहयोगी भावनाको थियो । | |

(ग)

| | |
|---|---|
| आज रामविनयले नाच देखायो । | |
| गीत रामविनयकी बहिनीको थियो । | |
| रामविनयकी बहिनी दाजुको नाच देखेर रमाइन् । | |
| बहिनी रमाएको देखेर रामविनय खुसी भए । | |

(घ)

| | |
|---|---|
| म चित्रकलामा प्रथम भएँ। | |
| म चित्रकलामा प्रथम हुन्छु। | |
| म चित्रकलामा प्रथम भएको छु। | |
| म चित्रकलामा प्रथम हुने छु। | |

**२. दिइएका शब्दको उस्तै अर्थ दिने शब्द तालिकाबाट पहिचान गरी लेख्नुहोस् :** (२)

| | | | |
|---|---|---|---|
| **रुख** | **सधैँ** | **भलाइ** | **काम** |

**शब्द** **अर्थ**

(क) उपकार .....

(ख) निरन्तर .....

(ग) वृक्ष .....

(घ) कर्म .....

**३. दिइएको अनुच्छेद जस्ताको त्यस्तै सार्नुहोस् :** (४)

मेरो विद्यालयमा पुस्तकालय छ। म त्यहाँ दिनहुँजसो जाने गर्छु। मेरा साथीभाइ पनि पुस्तक पढ्न मन पराउँछन्। म पत्रपत्रिकालगायतका सामग्री पढ्छु। विद्यालयमा कम्प्युटर प्रयोगशाला पनि छ। त्यहाँ इन्टरनेट जोडिएको छ। बालकथा र बालकविता अनलाइनबाट पढ्न पाइन्छ। म ती सामग्री पढेर रमाउँछु।

.....

.....

.....

.....

.....

.....

.....

**४. शिक्षकले भनेका वाक्यलाई ध्यान दिएर सुन्नुहोस् र लेख्नुहोस् ।  (४)**

.....

.....

.....

.....

**५. दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :  (३)**

चउरमा रातु गाई चरिरहेको थियो । उसको बाच्छो पनि सँगै थियो । बाच्छो रमाई रमाई आमाको वरिपरि उफ्रने गर्थ्यो । एक दिन बाच्छो बिरामी पऱ्यो । गाईले बाच्छाको चिन्ताले घाँस खान छाड्यो । बाच्छाको अवस्था देखेर मेरी बहिनीले पशुको डाक्टर बोलाइन् । डाक्टरले औषधी गरेपछि बाच्छो ठिक भयो । बाच्छो ठिक भएकाले बहिनी रमाइन् । मेरी बहिनीको बुद्धि देखेर म खुसी भएँ ।

**प्रश्न**

(क) गाईको नाम के थियो ?

.....

(ख) बहिनी किन रमाइन् ?

.....

(ग) बाच्छोलाई कसरी ठिक पारियो ?

.....

**६. दिइएको चित्र अध्ययन गरी चित्रका बारेमा पाँच वाक्य लेख्नुहोस् : ५**

(क) .....

(ख) .....

(ग) .....

(घ) .....

(ङ) .....

**७. दिइएको शुभकामना सन्देश पढ्नुहोस् र तपाईंले मनाउने कुनै चाडपर्वका अवसरमा आफ्नो साथीलाई दिइने शुभकामना पत्रको नमुना तयार पार्नुहोस् ।** (३)

हार्दिक शुभकामना !

तिजको शुभ अवसरमा देशविदेशमा रहनुभएका सबै नेपालीमा सुख, शान्ति र समृद्धिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।

अनन्त परियार

अध्यक्ष

सुन्दरबस्ती टोल सुधार समिति

**८. खाली ठाउँ भरी कथा पूरा गर्नुहोस् र शीर्षक पनि दिनुहोस् : (५)**

एउटा गाउँमा जादुगर हुनु ...। उसले एउटा सर्प पक्रिनु ...। सर्पलाई बाँसको ढुङ्ग्रामा बन्द गर्नु ...। एक दिन मुसो जादुगरको घरभित्र पस्नु ...। मुसो भोकाएको हुनु ...। मुसाले खानेकुरा खाज्नु ...। मुसाले सर्प राखेको ढुङ्ग्रो भेट्टाउनु ...। मुसाले ढुङ्ग्राको मुख पत्ता लगाउनु ...। मुसो ढुङ्ग्रोभित्र पस्नु ...। सर्पले मुसालाई भेट्टाउनु ...। सर्पले मुसालाई एकै गाँस बनाउनु ...। मुसो खान पाएर सर्प मक्ख पर्नु ...। सर्प ढुङ्ग्रोबाट बाहिर निस्कनु ...। सर्पले जादुगरलाई डसेर मार्नु ...। विषालु प्राणीलाई जिस्क्याउन र बन्द गर्न नहुने सन्देश ।

.....

.....

.....

.....

.....

.....

.....

.....

.....

.....

.....

.....

.....

.....

.....

.....

.....

समाप्त